# इलाम नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ८ | संख्या : ४ | मिति : २०८१/७/१२



**भाग-२**

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित इलाम नगरपालिका, बातावरण क्लवको गठन, संचालन तथा व्यवस्थापन निर्देशिका २०८१ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## इलाम नगरपालिका

## बातावरण क्लवको गठन, संचालन तथा व्यवस्थापन निर्देशिका २०८१

**कार्यपालिबाट स्वीकृत मिति : २०८१/७/११**
**प्रमाणिकरण मिति : २०८१/७/१२**

### १. प्रस्तावना

स्थानीय सरकार संचालन ऐनको दफा ११ उपदफा २ (ज), (ञ) र (न) मा उल्लेखित विद्यार्थीको अतिरिक्त क्रियाकलाप तथा वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धी नगरपालिकाको कार्यमा सहयोग पुर्याउन वातावरण संरक्षणमा प्रत्यक्ष विद्यार्थीहरुलाई नै सहभागिता गराउने तथा विद्यालयको सैद्धान्तिक रुपमा रहेको वातावरण शिक्षालाई व्यवहारिक र प्रयोगात्मक उपयोगको लागि प्रणालीको विकास गराउने उद्देश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ बमोजिम सोहि ऐनको दफा- १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०८१/७/११ को निर्णयानुसार वातावरण क्लवको गठन, संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१ जारी गरिएको छ ।

### २. उद्देश्यः

धेरैजसो मानिसहरुमा फोहोरमैला तथा वातावरण संरक्षणको समस्याबारे जानकारी तथा व्यवस्थापन गर्ने तौर तरिकाहरुको कमी रहेको देखिएको छ । तसर्थ वृहत् जनचेतनाको माध्यमको रुपमा स्कुललाई छनौट गरि भविष्यका कर्णधार बालबालिकाहरुलाई यस सम्बन्धी ज्ञान, सिप र क्षमताको विकास गराई विद्यार्थीहरु मार्फत् यस कार्यक्रमलाई स्कुल, घर, टोल, वडा हुंदै नगरव्यापी रुपमा विस्तार गर्ने उद्देश्य राखिएको छ ।

- विद्यार्थीलाई फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणको अवधारणा र समस्या सित साक्षातकार गराउने एवं समाधानका सवालमा संवेदनशिल भई वातावरणीय संरक्षणमा प्रत्यक्षं विद्यार्थीहरुलाई नै संलग्न हुन सजग बनाउने ।
- फोहोरमैला व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी चेतनाको लहर फैलाउने कार्यक्रम सञ्चालन गर्न विद्यार्थीहरुलाई ज्ञान, सिप र क्षमताको विकास गराउने ।
- स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका वातावरणीय महत्व र समस्याबारे विद्यार्थीलाई जानकारी गराउने ।
- जलवायु परिवर्तन तथा त्यसको नकारात्मक असरबाट बच्नका लागि अवलम्बन गर्नुपर्ने विभिन्न अनुकुलन सम्बन्धी कार्यसँग सम्बन्धित कार्य गर्न तथा सोको विषयमा जनचेतना जगाउने।
- सामुदायको फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षण र विपद व्यवस्थापन सम्बन्धि जनचेतना जगाउने कार्यमा विद्यार्थीलाई सलग्न गराउने ।
- जलवायु परिवर्तन तथा सोबाट सिर्जित नकारात्मक असरहरुका विषयमा जनचेतना अभिवृद्धि गराउने
- जलवायु अनुकुलन सम्बन्धी विभिन्न कार्यहरु संचालन गर्ने ।

**३. कार्य, गठन र सञ्चालन**

३(१) वातावरण क्लवका कार्य निम्नानुसार हुनेछन्

**क. विद्यालय स्तरका कार्यहरु**

- विद्यालय हाता सफा राख्ने र उत्पन्न हुने फोहरहरु व्यवस्थित रुपमा विर्सजन गर्ने व्यवस्था गर्ने ।
- विद्यालय परिषरमा हरियाली बढाउन वृक्षारोपण तथा बगैचा निर्माण गर्ने ।
- ऐतिहांसिक स्थल तथा वातावरणीय समस्या र संरक्षणका प्रयासका बारेमा भित्ते पत्रिका प्रकाशन गर्ने ।
- खेर जाने वस्तुहरुबाट विभिन्न वस्तुहरु बनाउने प्रतियोगिताहरु संचालन गर्ने ।
- विद्यालयमा वातारण संरक्षण एवं फोहोरमैला व्यवस्थापन सम्बन्धमा चित्रकला, वक्तृत्वकला, निबन्ध, कविता, नाटक जस्ता प्रतियोगिता संचालन गर्ने ।
- विद्यार्थीहरुलाई विभिन्न वातावरणीय तथा ऐतिहासिक स्थानको समस्या र संरक्षणबारे साक्षात्कार गराउन भ्रमणको आयोजना गर्ने ।
- विद्यार्थीहरुलाई आफ्नो घर करेसा सफा राख्ने, बगैचा निर्माण तथा मल बनाउन, तालिम संचालन गर्ने विद्यार्थीहरुलाई विपद व्यवस्थापन प्रति सम्वेदनशिल वनाउने ।

**ख. स्थानिय स्तरका कार्यक्रमहरु**

- वतावरणीय समस्या र संरक्षणको बारेमा जनचेतना अभिवृद्धिकालागि प्रवचन, सभा, प्रदशनी आयोजना गर्ने ।
- फोहरमैला व्यवस्थापन सम्बन्धि सभा तथा प्रर्दशनिको आयोजना गर्ने ।
- आफ्नो वरिपरीका ऐतिहासिक स्थल तथा प्राकृतिक सम्पदाको संरक्षण गर्न मानिहरुलाई प्रोत्साहन गर्ने ।
- कुनै पनि मानिस तथा उद्योग धन्दाबाट निश्कने फोहरमैला जथाभावि फाल्ने गरिएको छ जसको कारणले अत्याधिक रुपमा वातावरण प्रदुषण हुने हुनाले त्यसको रोकथामको लागि सम्बन्धित निकायहरुमा नियन्त्रणका लागि अनुरोध गर्ने ।

- ❖ पलाष्टिकको प्रयोग कम गर्ने अभियान थाल्ने, बजार जांदा वा व्यापारीहरुलाई यस्को विकल्पको बारेमा जानकारी गराउने ।
- ❖ वातावरणीय समस्या समाधान र संरक्षणकालागि विभिन्न पम्लेपेट । पर्चाहरु प्रकाशन गर्ने ।
- ❖ स्थानिय क्लव तथा संघ संस्थाहरु संग मिलि विभिन्न वातावरणीय क्रियाकलापहरु आयोजना गर्ने ।
- ❖ स्थानिय संचार माध्यमहरुमा सम्पदा र वातावरण सरक्षण तथा फोहोरमैला व्यवस्थानपन सम्वन्धि लेख रचना प्रकाशन एवं प्रशारण गराउने ।
- ❖ स्थानिय स्तरमा परेको विपद व्यवस्थापनमा सहयोग गर्ने ।
- ❖ जलवायु परिवर्तन तथा सोबाट सिर्जित नकारात्मक असरहरुका विषयमा जनचेतना अभिवृद्धि गराउने
- ❖ जलवायु अनुकुलन सम्बन्धी विभिन्न कार्यहरु संचालन गर्ने ।

**३ (२) वातावरण क्लवको गठन प्रकृया निम्नानुसार हुनेछ :**

विद्यालयमा अध्ययनरत सम्पुर्ण विद्यार्थीहरुको वातावरण संरक्षण गर्ने समुह नै वातावरण क्लव हो । विद्यालयका विद्यार्थीहरुको रुचि र आपसी छलफलको आधारमा वातावरण क्लब गठन गरिन्छ । विद्यालयमा गठित वातावरण क्लव इलाम नगरपालिकामा प्रत्येक वर्ष अषाढ मसान्त भित्र सूचिकृत हुनु पर्ने छ । विद्यालयका सम्पुर्ण विद्यार्थी यसका साधारण सदस्यका रुपमा रहने पाउनेछन् । बातावरण क्लवले कम्तीमा निम्न कार्य अनिवार्य गर्नु पर्नेछ ।

**निम्न**

१. विद्यालय हरियाली कार्यक्रम ।
२. विद्यालय साप्ताहिक सरसफाई कार्यक्रम।
३. कम्तीमा एउटा सार्वजनिक स्थल वा सम्पदा सरसफाई कार्यक्रम ।
४. विश्व वातावरण दिवस वा राष्ट्रिय सरसफाई सप्ताह मनाउने ।
५. भित्ते पत्रिका संचालन ।
६. सरसफाई तथा वातावरण संरक्षण विशेष कम्तीमा एक वटा प्रतियोगिता ।

**३(३) सञ्चालनः**

बातावरण क्लवलाई व्यवस्थित तथा सूचारु रुपमा संचालन गर्नका लागि प्रत्येक विद्यालयमा ११ जना देखि १५ जनासम्मको एउटा वातावरण क्लबको गठन गर्ने जसमा कक्षा ६ देखि कक्षा १२ सम्मको विद्यार्थी संलग्न गराउनु पर्दछ । जसमा प्रत्येक कक्षाबाट कम्तीमा दुई जना १/१ जना छात्रा अनिवार्य) को प्रतिनिधित्व हुने गरि गराउनु पर्दछ । वातावरण क्लबको पदावधि एक बर्षको रहने छ अर्थात हरेक वर्ष नेतृत्व चयन गर्नुपर्दछ । वातावरण क्लबमा निम्न लिखित पदाधिकारीहरु रहने छन् ।वातावरण बाल क्लवले कक्षा १ देखि कक्षा ५ सम्मका विद्यार्थीहरुको ११ देखि १५ जना सम्म सदस्य रहने गरि वातावरण बाल समूह गठन गरि कृयाकलापहरु संचालन गर्ने छ ।

- ❖ अध्यक्ष १
- ❖ उपाध्यक्ष- १
- ❖ सचिव-१
- ❖ सहसचिव १

- कोषाध्यक्ष- १
- सदस्यहरु ६ देखि १० जना सम्म
- संरक्षक सम्वन्धित वडाको वडा अध्यक्ष र स्कुलका प्राधानध्यापक
- सल्लाहकार- विज्ञान विषयको शिक्षक

बातावरण क्लबको बैठक कम्तीमा महिनाको १ पटक विद्यालयको पठन पाठनलाई असर नपर्ने गरि अनिवार्य वस्नु पर्ने छ ।

वातावरण कल्बको छनौट एवं निर्वाचन विद्यालयले तोके वमोजिमको विधि अनुसार हुनेछ ।

**३(४) वातावरण क्लबको सदस्यहरुको छनौटको आधार :**

- कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थी तथा १८ वर्ष नपुगेको विद्यार्थी ।
- नेतृत्व गर्न सक्ने विद्यार्थी।
- दृढ इच्छा शक्ति भएको विद्यार्थी।
- मिलनसार विद्यार्थी।
- वातावरण प्रति सचेत विद्यार्थी ।

**४. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः**

**क) अध्यक्षको काम कर्तव्य र अधिकारहरुः**

- बातावरण क्लवको अध्यक्षता गर्ने ।
- क्लवको सम्पुर्ण सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।
- आवश्यकता अनुसार पदाधिकारी र सदस्यहरुको काम बांडफांड गर्ने ।
- विद्यालय र समुदायमा गर्ने फोहरमैला व्यवस्थापन तथा वातावरण संरक्षण सम्बन्धि कार्यको विद्यार्थीका तर्फवाट नेतृत्व गर्ने ।
- विभिन्न कार्यक्रम संचालन गर्दा नगरपालिका लगाएत अन्य सहयोगि निकायहरु संग समन्वय गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

- अध्यक्षको अनुपस्थितीमा उपरोक्त काम गर्ने र क्लवको हितको लागि अन्य काम गर्ने ।

**ग) सचिवको काम, कर्तव्य र अधिकारहरुः**

- अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने तथा छलफल हुने विषय सूची तयार गर्ने ।
- दैनिक प्रशासनिक कार्य सञ्चालन तथा गराउने ।
- अन्य क्लवको हित हुने कार्य गर्ने ।

**घ) कोषाध्यक्षको काम कर्तव्य र अधिकारहरुः**

- सदस्यहरुलाई क्लवको उद्देश्य प्राप्तीको निम्ति क्रियाशिल
- क्लवको जिन्सी तथा नगदको जिम्मा लिने र श्रेष्ता खडा गरी राख्ने ।

- आर्थिक कारोबारको हिसाव किताव दुरुस्त राख्ने ।
- अन्य क्लवको हित हुने कार्य गर्ने ।

**ङ) अन्य सदस्यहरुको काम र कर्तव्य**

- सदस्यहरुले संधै क्लवप्रति उत्तरदायी भई एक आपसमा भाइचाराको व्यवहार गरी क्लवको हित र कार्य सञ्चालनमा संधै सहयोग गर्ने ।

**च) संरक्षक र सल्लाहकारको काम र कर्तव्य :**

- बातावरण क्लवका गतिविधि अगाडी वढाउन आवस्यक सल्लाह सुझाव दिने ।
- बातावरण क्लवलाई दिगो रुपमा संचालनका लागि आवस्यक सहजीकरण गर्ने ।
- बातावरण क्लववाट प्रस्तावित कार्यक्रम संचालनका लागि श्रोत जुटाउन सहयोग गरिदिने ।

**५. कोष सम्बन्धी व्यवस्थाः**

वातावरण क्लबको प्रभावकारी संचालन तथा उपयोगका लागि देहाय बमोजिमको कोष रहने छ । वातावरण क्लबले आवश्यक श्रेतहरु पहिचान गरी कोष संकलन गर्नुपर्दछ र यी कोषबाट आफ्नो दैनिक कार्य संचालन तथा विभिन्न कार्यक्रमहरुको लागि खर्च गर्न सक्दछ ।

**क) नगरपालिकामा रहने कोष**

नगरपालिकामा एक वातावरण कोष रहने छ । यस कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

- प्राकृतिक स्रोत साधनको उपयोग बापत नगर सभाले निर्णय गरे बमोजिम प्राप्त हुने रकमको १० प्रतिशत
- संघ, प्रदेश वा अन्य सरकारी, गैर सरकारी संस्थाबाट प्राप्त अनुदान
- दातृ निकायबाट प्राप्त अनुदान
- अन्य सहयोगी संघ संस्थाबाट प्राप्त सहयोग रकम ।

**ख) विद्यालयमा रहने कोष**

विद्यालयले छुट्टै खाता खोली विद्यालयमा नै रहने गरी एक वातावरण कोष गठन गर्न सक्ने छ ।यस कोषमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :

- स्थानीय तहबाट प्राप्त अनुदान
- विद्यालयबाट प्राप्त अनुदान
- संघ, प्रदेश वा अन्य सरकारी, गैर सरकारी संस्थाबाट प्राप्त अनुदान
- सांस्कृतीक कार्यक्रम, देउसी भैलो, चन्दा, चिठ्ठा आदी
- अन्य सहयोगी संघ संस्थावाट सहयोग

**६. कोषको सञ्चालनः**

- कोषको संचालन प्रचलित कानुन बमोजिम हुनेछ ।

- कार्य सम्पन्न भइसकेपछि आर्थिक कारोबार र खर्चको स्पष्ट र सही अभिलेख राख्नुपर्ने हुन्छ ।
- वातावरण कोषमा प्राप्त रकम तथा खर्चको विद्यालयले छुट्टै हिसाव राख्न सकिनेछ । तर खर्च गर्दा भने वातावरण कल्बको निर्णय एवं पदाधिकारीको सिफारिश अनिवार्य राख्नु पर्ने पर्नेछ ।

**७. दर्ता तथा अभिलेख सम्बन्धी व्यवस्था**

वातावरण क्लबको गठन भए पश्चात सोको निर्णय सहित जानकारी विद्यालयले १५ दिन भित्र नगरपालिका समक्ष पठाउनु पर्नेछ । सो पश्चात नगरपालिकाले उक्त कल्वलाई दर्ता प्रमाणपत्र प्रदान गरि सोको अभिलेश वन, वातावरण तथा विपद् व्यवस्थापन शाखामा राख्नेछ। प्रत्येक वर्ष वातावरण क्लवमा नयाँ पदाधिकारी चयन भएसँगै सोको जानकारी अनिवार्य रुपमा नगरपालिकामा १५ दिन भित्र गराउनु पर्नेछ ।

८. विद्यालयले थप नियम वनाउन सक्ने यस निर्देशिकाको उद्धेश्य प्राप्तीमा सहजता एवं बातावरण क्लवको कामलाई व्यवस्थित एवं दिगो वनाउन विद्यालयले बातावरण क्लव र बातावरण बाल क्लव सम्बन्धमा थप नियमहरु वनाई लागु गर्न सक्ने छ । यसरी विद्यालयले वनाएका थप नियमहरु नगरपालिकामा जानकारीका लागि पठाउनु पर्नेछ ।

**आज्ञाले,**

गणेश कुमार खड्का

प्रमुख प्रशासकीय अधिकृत